# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चन्द्रौटा, कपिलवस्तु
### लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८०/८१
चलानी नम्बर :

सुचना सुचना सुचना

प्रथम पटक प्रकाशन मिति : २०८०।०५।१७

विषय : उत्पादनमा आधारित अनुदान सम्बन्धमा ।

शिवराज नगरपालिका पशु सेवा शाखाको आ.व. ०८०।८१ को वार्षिक स्वीकृत उत्पादनमा आधारित कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्रका दुग्ध उत्पादक समुह/सहकारी/फार्म/कम्पनि/निजि डेरी वा उद्दमीले यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र तपसिल अनुसारको कागजात संलग्न गरि आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा कृषि तथा भुमि व्यवस्था मन्त्रालयको कृषि तथा पशुपक्षि विकास संचालन कार्यविधि २०८० अनुसार जानकारी गराईन्छ । साथै रित नपुगेका वा म्यादनाघि प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यावसायिक कार्ययोजना र थप जानकारीको लागि यस कार्यालयको पशु सेवा शाखामा सम्पर्क गर्न सकिनेछ

तपसिल

| क्र. स. | कार्यक्रम को नाम | अनुदान दिने आधारहरु | प्रमाणित गर्ने आधारहरु | कार्यक्रम संचालन हुने क्षेत्र | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | दुध उत्पादन | ख) गत आ.व. को श्रावण महिना देखि असार मसान्त सम्म गरेको दुधको कारोबारको अभिलेख पेश गर्नुपर्ने ।<br>ग)समुह/सहकारी/कम्पनि/निजि डेरी/फार्मले संस्थागत रुपमा खरिद विक्री गरेको हुनुपर्ने।<br>घ) समुह/सहकारी/ कम्पनि/ फार्म /निजि डेरीले दुधको उत्पादन रेकर्ड पारदर्शी रुपमा उत्पादक कृषकको नामावली सहित विवरण राखेको हुनुपर्ने ।<br>ङ) पशु बीमा गरेका पशुपालक कृषकहरुलाई प्राथमिकता दिईने छ । | क) आवेदकको संस्थागत अभिलेख ।<br>ख) सहकारीले आफै विक्री वितरण गर्ने भए विक्री अभिलेख र थोक विक्री गर्ने भए सम्झौताको प्रलिपि वा विक्री गरेको पसलको नाम,ठेगाना र सम्पर्क नम्बर सहितको विवरण ।<br>ग) कृषकले दुध व्यवसायीवाट भुक्तानीको अभिलेख ।<br>घ) सहकारी वा संस्थागत रुपमा कृषको रकम खातामा भुक्तानी गरेको अभिलेख । | शिवराज नगरपालिका | समुह/सहकारी / कम्पनि/ निजि डेरी/ उद्दमी/फार्म | प्रति लिटर अधिकतम रु २ (दुई ( कृषकलाई बैंक मार्फत भुक्तानी हुने ) |

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८०/८१
चलानी नम्बर :

| | | | | | |
|---|---|---|---|---|---|
| | च) प्रति समुह/ सहकारीले मासिक कम्तिमा ७००० लि. दुध उत्पादन तथा विक्री वितरण गरेको पर्ने छ ।<br>छ) निजी डेरी/फार्म/कम्पनी हकमा मासिक औषत कम्तीमा २५०० लि. दुध उत्पादन तथा विक्री वितरण गरेको पर्ने छ । | ङ) स्थायी लेखा नं., करचुक्ता कागजात, दुधको कारोबार खुल्ने वार्षिक लेखा परिक्षण प्रतिवेदन । | | | |

संलग्न गर्नुपर्ने कागजातहरु

१. प्रस्तावकको निवेदन ।
२. कार्यक्रम संचालनका लागि कार्ययोजना सहितको प्रस्ताव ।
३. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि ।
४. स्थायी लेखा नम्बर प्रमाणपत्र तथा गत आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
५. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।
६. अनुदान माग गर्ने संस्थाको निर्णएको प्रतिलिपि (दुग्ध समुह/सहकारीको हकमा) ।
७. सहकारी वा संस्थागत रुपमा कृषकको रकम खातामा भुक्तानी गरेको अभिलेख ।
८. कृषकले पशु बीमा गरेका रेकर्ड ।
९. उत्पादनको मासिक/वार्षिक रेकर्ड ।
१०. वार्षिक साधारण भएको गत आ.व. को प्रतिवेदन ।
११. आवेदकको नागरिकताको प्रतिलिपि ।

बाबुराम पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np